आज मिति २०८०।०९।१६ गते सोमबारको दिन बिहानको ८:०० बजे यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | [signature] |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | [signature] |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | [signature] |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | [signature] |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | [signature] |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | [signature] |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | [signature] |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | [signature] |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | [signature] |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | [signature] |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | [signature] |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | [signature] |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | [signature] |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | [signature] |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | - |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | [signature] |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | - |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | [signature] |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | [signature] |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | [signature] |
| २१ | भक्तिराम मरासिनी | सचिव | [signature] |

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**नगर कार्यपालिकाको आ.व.०८०।८१ को सातौं बैठक २०८०।०९।१६ गतेको**
**प्रस्ताव तथा कार्यसूची**

प्रस्ताव नं. ७.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,

प्रस्ताव नं. ७.२ संस्थागत स्व मूल्याङ्कन LISA को प्राप्ताङ्क अनुमोदन गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ७.३ आगामी आर्थिक वर्ष २०८१।८२ को आय व्ययको प्रक्षेपण स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ७.४ नगरसभाको मिति तय गर्ने सम्बन्धमना,

प्रस्ताव नं. ७.५ विधेयकहरु स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने सम्बन्धमा,

प्रस्ताव नं. ७.६ लेखा समितिको कार्य सञ्चालन कार्यविधि,२०८० स्वीकृति सम्बन्धमा,

प्रस्ताव नं. ७.७ खानेपानी ऐन, २०७९ संसोधन सम्बन्धमा,

प्रस्ताव नं. ७.८ विद्युतको बक्यौता भनि प्राधिकरणबाट दावि गरेको सम्बन्धमा,

प्रस्ताव नं. ७.९ नवप्रवतनमा आधारित कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्दता सम्बन्धमा,

प्रस्ताव नं. ७.१० विविध ।

CamScanner

बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्याः७ मितिः२०८०।०९।१६

**प्रस्ताव नं. ७.१ अघिल्लो कार्यपालिकाको बैठकको समिक्षा सम्बन्धमा,**

**निर्णय नं. ७.१** मितिः२०८०।०८।२२ गते बसेको छैठौं बैठकमा भएका निर्णयहरु अन्तर्गत अटोरिक्सा कार्यविधि संसोधन गरिएकोमा सोही बमोजिम अभिलेख व्यवस्थापन र सञ्चालन व्यवस्थापन जस्ता कार्य तयारी अवस्थामा रहेको। संस्थागत स्व मूल्याङ्कन वापत पूनरावलोकनको लागि ९० अंक दावि सहित जिल्ला समन्वय समितिमा पठाईएकोमा पुनरावलोकन भई आएको। सडक बोर्डको योजना छनोट भईसकेकोले सोही अनुसार प्रस्तावित योजनाहरु कार्यान्यनको लागि पठाईएको। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत छनोट भएका योजनाहरु कार्यान्वयनको चरणमा रहेका र अन्य विविध विषयहरु कार्यान्वयन भई रहेका छन्।

**प्रस्ताव नं. ७.२ संस्थागत स्व मूल्याङ्कन LISA को प्राप्ताङ्क अनुमोदन गर्ने सम्बन्धमा,**

**निर्णय नं. ७.२** मितिः२०८०।०८।२२ गते कार्यपालिकामा पेश भएको यस बाणगङ्गा नगरपालिकाको सेवा प्रवाहको संस्थागत स्व मूल्याङ्कन (LISA) को प्रस्तावित अंक ९० सहित पुनरावलोकनको लागि जिल्ला समन्वय समितिमा पठाईएकोमा जिल्ला समन्वय समिति कपिलवस्तुबाट ८९.५ अंक सहित पुनरावलोकन भई आएको,

**तपसिल**

| क्र.स | विषयगत क्षेत्र | अंक भार | पुनरावलोकनको लागि पठाईएको | पुनरावलोकन भई आएको | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ९ | ९ | १००% |
| २ | संगठन तथा प्रशासन | ८ | ७.७५ | ७.२५ | ९०.६३% |
| ३ | बार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ७ | ७ | ६३.६४% |
| ४ | वित्तिय एंव आर्थिक व्यवस्थापन | ११ | ९.२५ | ९.२५ | ८४.०९% |
| ५ | सेवा प्रवाह | १६ | १६ | १६ | १००% |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | ७ | १००% |
| ७ | भौतिक पूर्वाधार | १३ | १०.५ | १०.५ | ८०.७७% |
| ८ | सामाजिक समाबेशीकरण | १० | १० | १० | १००% |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ७.५ | ७.५ | ८३.३३% |
| १० | सहकार्य र समन्वय | ६ | ६ | ६ | १००% |
| जम्मा | | १०० | ९० | | ८९.५% |

जिल्ला समन्वय समितिबाट पुनरावलोकन भई आएको उपरोक्त बमोजिमको प्राप्ताङ्क यस कार्यपालिका बैठकमा छलफल भई पुनरावलोकन अनुसार प्राप्त अंकलाई समर्थन गर्ने र सोही बमोजिम अन्तिम नतीजा सार्वजनिक गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७.३ आगामी आर्थिक वर्ष २०८१।८२ को आय व्ययको प्रक्षेपण स्वीकृत गर्ने सम्बन्धमा,**

**निर्णय नं. ७.३** यस बाणगङ्गा नगरपालिकाको आन्तरीक राजस्वको प्रक्षेपण र संघीय तथा प्रदेशबाट प्राप्त हुने अनुदान सहितको वित्तिय विवरणको आधारमा आगामी आ.व.२०८१।०८२ को आय व्ययको प्रक्षेपण तपसिल बमोजिम स्वीकृत गर्ने र उक्त प्रक्षेपण अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग एवं अर्थ मन्त्रालय, लुम्बिनी प्रदेशमा पठाउने निर्णय गरियो।

CamScanner

अनुसूची- २०

(दिग्दर्शनको परिच्छेद ४ को दफा ४. ८ को चरण १ को बुँदा नं १.३ संग सम्बन्धित)

बाणगंगा नगरपालिकाको आय- व्ययको प्रक्षेपण

आ.व. ०८१।८२

बजेट रु हजारमा

| शीर्षक | | आ.व. २०७९।८० को यथार्थ | आ.व. २०८०।८१ को प्रक्षेपण | आ.व. २०८१।८२ को अनुमान प्रक्षेपण | आ.व. २०८२।८३ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| राजस्वः | | | | | |
| १ | आन्तरिक राजश्व | | | | |
| | ११३१३ एकीकृत सम्पती कर | ८५७३ | ९५०० | १०००० | ११००० |
| | ११३१४ भुमिकर/मालपोत | १५७ | ७०० | १५०० | १६५० |
| | ११३२१ वहाल कर | ६८७९ | ५५०० | १०००० | ११००० |
| | ११३२२ वहाल विटौरी कर | ९५९ | १००० | २००० | २२०० |
| | ११६११ व्यवसायले भुक्तानी गर्ने | ३७१५ | ५५०० | २०००० | २२००० |
| | ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | १ | ५० | ५५ |
| | १३४११ अन्य संस्थागत आन्तरिक अनुदान | ० | १ | १०० | ११० |
| | १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २०९५ | १५०० | २००० | २२०० |
| | १४२१२ सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ३ | १०० | ११० |
| | १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | ० | ४० | १०० | ११० |
| | १४२१८ विद्युत सेवा शुल्क | २१० | ५०० | ५०० | ५५० |
| | १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ७६१२ | १०००० | १५००० | १६५०० |
| | १४२२३ शिक्षा क्षेत्रको आम्दानी | ३८ | ८० | १०० | ११० |
| | १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ० | ४०० | १००० | ११०० |
| | १४२४१ पार्किङ्ग शुल्क | ० | ५ | १० | ११ |
| | १४२४२ नवसापास दस्तुर | ४६३३ | ७००० | १५००० | १६५०० |
| | १४२४३ सिफारिश दस्तुर | १०११६ | १२२०० | १५००० | १६५०० |
| | १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ३२६ | ५०० | ५०० | ५५० |
| | १४२४५ नाता प्रमाणित दस्तुर | ६०६ | ५५० | ६०० | ६६० |
| | १४२४९ अन्य दस्तुर | २८४५ | २००० | २५०० | २७५० |
| | १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७४० | ३००० | १००० | ११०० |
| | जम्मा | ४९५०४ | ५९९८० | ९७०६० | १०६७६६ |
| २ | राजस्व बाँडफाँडः | | | | |
| | ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ३६४२३ | ४५००० | ६०००० | ६०००० |
| | ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ८१८३८ | १५३२७१ | १५३२७१ | १५३२७१ |
| | ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३११८१ | | ३११८१ | ३११८१ |
| | ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १९५२८ | १५६०२ | १५६०२ | १५६०२ |
| | १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ३२५८ | ० | १०००० | १०००० |
| | १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | २७०६३ | २७५०० | ६०००० | ६०००० |
| | विज्ञापन कर | ४२४ | ० | ५०० | ५०० |
| | अन्य आय | | २० | ० | ० |
| | १५१११ बेरूजू | | २० | ० | ० |
| | पर्वतारोहण | | ० | ० | ० |
| | विधुत | | ० | ० | ० |
| | पानी तथाअन्य प्राकृतिक स्रोत | | ० | ० | ० |
| | जम्मा | | | ३३०५५४ | ३३०५५४ |
| ३ | वित्तीय हस्तान्तरण | | | | |
| | नेपाल सरकारबाटप्राप्त हुने अनुदानः | | | | |
| | १३३११ समानिकरण अनुदान | १९८२२८ | १८३७०० | १८३७०० | १८३७०० |
| | १३३१२ शसर्त अनुदान चालु | ४५६६६५ | ४४९५०० | ५०५५०० | ५०५५०० |
| | १३३१३ शसर्त अनुदान पुँजीगत | ९७२०० | ३४५०० | ५४५०० | ५४५०० |
| | १३३१५ विषेश अनुदान पुँजीगत | २२००० | ५००० | १०००० | १०००० |

CamScanner

| | शीर्षक | आ.व. २०७९।८० को यथार्थ | आ.व. २०८०।८१ को प्रक्षेपण | आ.व. २०८१।८२ को अनुमान प्रक्षेपण | आ.व. २०८२।८३ को प्रक्षेपण |
|---|---|---|---|---|---|
| | १३३१७ समपुरक अनुदान पुंजीगत | ४००० | ६००० | ६००० | ६००० |
| | **प्रदेश सरकारबाटप्राप्त हुने अनुदान:** | | | | |
| | १३३११ समानिकरण अनुदान | १२१४२ | १४१२१ | १४१२१ | १४१२१ |
| | १३३१२ शसर्त अनुदान चालु | १३००० | ५८०० | ६००० | ६००० |
| | १३३१३ शसर्त अनुदान पुंजीगत | ० | १३२०० | ३०००० | ३०००० |
| | १३३१४ विषेश अनुदान चालु | ९००० | ० | १०००० | १०००० |
| | १३३१६ समपुरक अनुदान चालु | | ० | ० | ० |
| | १३३१७ समपुरक अनुदान पुंजीगत | | १५००० | १५००० | १५००० |
| | बैदेशिक | | ० | ० | ० |
| | जनसहभागिता | २४५६३ | ३५००० | ४०००० | ४५००० |
| | जम्मा | | ० | ८७४८२१ | ८७९८२१ |
| ४ | अन्तर स्थानीय तह साझेदारी | | ७२६८२१ | १०००० | १०००० |
| ५ | सामाजिक सुरक्षा तथा सरक्षण | | ० | ० | ० |
| ६ | सडकबोर्ड | | ५८०० | ६५०० | ७००० |
| ७ | अल्या रकम | | ० | ५०००० | ६०००० |
| | जम्मा | १०८६०१७ | १७९५८३५ | ६६५०० | ७७००० |
| **जम्मा सि नं १ देखि ७ सम्म जम्मा** | | | | १३६८९३५ | १३९४१४१ |
| **व्यय:** | | | | | |
| १ | चालु | ६३९७०७ | | ८२१३६१ | ८३६४८५ |
| १.१ | पारिश्रमिक/ सुविधा | ५३५५२ | | ३५०००० | ३७०००० |
| १.२ | मालसमान तथा सेवाको उपयोग (तालीम समेत) | | | २००००० | २००००० |
| १.३ | व्याज र सेवा खर्च | | | २०००० | २०००० |
| १.४ | अनुदान | | | २३६३६१ | २३१४८५ |
| १.५ | सामाजिक सुरक्षा | | | | |
| १.६ | अन्य खर्च | | | १५००० | १५००० |
| २ | पूँजीगत | ४०९७०४ | | ५४७५७४ | ५५७६५६ |
| २.१ | जग्गा | | | | |
| २.२ | भवन | ८०९९० | १३३४४६ | १८९५७४ | १४६६५६ |
| २.२.१ | फर्निचर | १०५७ | ३००० | ३००० | ४००० |
| २.२.२ | सवारी साधन | ० | १००० | १००० | २००० |
| २.२.३ | मेशिनरी औजार | २८९४ | ४००० | ४००० | ५००० |
| २.२.४ | सार्वजनिक निर्माण | १९०२६४ | २९६३८२ | ३५०००० | ४००००० |
| २.२.५ | पूँजीगत अनुसन्धान तथा परामर्श | | | | |
| २.२.६ | अन्य | | | | |
| ३ | वित्तीयव्यवस्था (भुक्तानी) | | | | |
| | जम्मा | | | | |
| ४ | बजेट चत (+)/न्यून (-) | | | | |
| ५ | ऋण | | | | |
| ५.१ | आन्तरिक | | | | |
| ५.२ | वाह्य | | | | |
| ६ | गत वर्षको मौज्दात | २६०१३३ | | | |
| | **कूल जम्मा** | | | १३६८९३५ | १३९४१४१ |

**प्रस्ताव नं. ७.४ नगरसभाको मिति तय गर्ने सम्बन्धमना,**

**निर्णय नं. ७.४** यस बाणगङ्गा नगरपालिकाको १४औं नगरस सभा मिति:२०८० पुष २५ गते विहान ११:०० बजे कार्यालयको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो।

CamScanner

**प्रस्ताव नं. ७.५ विधेयकहरु स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने सम्बन्धमा,**

**निर्णय नं. ७.५** विभिन्न सरोकारवालाहरुसंग दफादार छलफल गरी यस नगरपालिकाको विधायन समितिबाट सिफारिस भई आएका निम्न विधेयकहरु स्वीकृतिको लागि आगामी १४औं नगरसभामा सिफारिस गर्ने निर्णय गरियो।

**तपसिल**

| सि.नं. | विधेयक |
|---|---|
| १ | वन विधेयक, २०८० |
| २ | बाणगङ्गा नगर प्रज्ञा प्रतिष्ठान गठन तथा सञ्चालन विधेयक, २०८० |

**प्रस्ताव नं. ७.६ लेखा समितिको कार्य सञ्चालन कार्यविधि,२०८० स्वीकृति सम्बन्धमा,**

**निर्णय नं. ७.६** यस नगरपालिकाको लेखा समितिको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन दफादार छलफल गरी विधेयक समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७.७ खानेपानी ऐन, २०७९ संसोधन सम्बन्धमा,**

**निर्णय नं. ७.७** खानेपानी उपभोक्ता समितिहरुको दर्ता, संचालन, नियमन र व्यवस्थापन गर्नको लागि खानेपानी नियमावली आवश्यकता हुने भएकोले उक्त खानेपानी ऐन, २०७९ मा देखिएका केही कमिकमजोरीहरुलाई थपघट गर्दै १४औं नगरसभामा संसोधन प्रस्ताव लैजानको लागि सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७.८ विद्युतको बक्यौता भनि प्राधिकरणबाट दावि गरेको सम्बन्धमा,**

**निर्णय नं. ७.८** बाणगङ्गा नगरपालिका स्थानीय तह गठन पश्चात विद्युत चुहावट मुक्त नगरपालिका घोषणा गर्न सबै वडाहरुमा अभियान सञ्चालन गर्दै आएको, अभियान सञ्चालन गर्दा १/२ ठाउँ देखिएका सडक बत्तिहरु गैरकानुनी रुपमा मिटर जडान नगरी बाल्न नहुने र विद्युत प्राधिकरणका कर्मचारीहरुलाई अनुगमनकै समयमा लाईन काट्न अनुरोध गरिएको, बाणगङ्गा नगरपालिका बिना मिटर सडक बत्ति वा कुनैपनि उपकरणबाट विद्युत उपयोग नगरेको र यदि कहीँ कसैले त्यस्तो उपयोग गरेको पायमा कानून बमोजिम कारवाही गर्नुपर्ने नगरपालिको ठहर छ। साथै नेपाल विद्युत प्राधिकरण तौलिहवाको च.न. ४२३ मितिः२०८०।०९।०४ को पत्रानुसार यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा विद्युत पोलहरुमा रहेका बल्बहरुको महसुल दावि गरेको सम्बन्धमा पूर्व वडा अध्यक्षहरुसंग यस बारेमा छलफल हुँदा नेपाल विद्युत प्राधिकरणको कर्मचारीले झुक्याउने गलत मनसायबाट वडामा झिलिमिली बनाउन प्रत्येक पोलहरुमा सडक बत्ति जडान गरिदिने भनि फारमहरुमा प्रमाणित गराएको र पछि उक्त फारमहरुमा मौजुदा संख्याको महलमा आफै संख्या थप गरी अभिलेख गरी राखेको भन्ने छलफलबाट निश्कर्ष आएकोले यस विषयमा फारममा उल्लेख भएको बल्बहरुको संख्या साथै सो बमोजिमको बक्यौतामा नगरपालिका सहमत नहुने, देखिएको बक्यौता लगत कट्टा गर्न अनुरोध गर्ने साथै सडक बत्तिहरुको यथार्थ विवरण संकलन गर्न विद्युत प्राधिकरणको प्रतिनिधि र सम्बन्धित वडाका वडा अध्यक्ष वा अध्यक्षले तोकेको जनप्रतिनिधि समेतको रोहवरमा सडक बत्तिहरुको तथ्याङ्क लिन र बिना मिटर सडकबत्ति देखिएको खण्डमा नेपाल विद्युत प्राधिकरणको नियमानुसार कारवाही हुन नेपाल विद्युत प्राधिकरणलाई पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७.९ नवप्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गर्ने प्रतिवद्दता सम्बन्धमा,**

**निर्णय नं. ७.९** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोत परिचालन समन्वय शाखाको च.नं. ३१, मितिः२०८०।०९।०५ बमोजिम नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८० बमोजिम नव प्रवर्तनमा आधारित कार्यक्रम सञ्चालन गर्न नगरपालिकालाई प्राप्त हुने १ करोड मा स्थानीय तहले व्यहोर्नुपर्ने २५% लागत साझेदारी गर्न तयार रहेको प्रतिवद्दता सहित समन्वय गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७.१० विविध**

**निर्णय नं. ७.१०.१** तत्काल मर्मत सम्भार तथा निर्माण नगरी नहुने निम्न बमोजिमका योजनाहरु तपसिलको स्रोतबाट कार्यान्वयन हुने गरी बजेट छुट्याउने ।

| सि.नं. | योजनाको नाम | बजेट | स्रोत |
|---|---|---|---|
| १ | पिपरा अस्पतालको मर्मत एवं ब्लक लगाउने काम | १०,५०,०००।- | पिपरा अस्पतालमा फर्निचर मेशिनरी औजार मर्मत सम्भार तथा भौतिक पूर्वाधार निर्माण |
| २ | बण्डौली वर्दहवा सडक मर्मत | २,५०,०००।- | मागमा आधारित नगर प्रमुख आकस्मिक पूर्वाधार विकास कार्यक्रम |

**निर्णय नं. ७.१०.२** यस नगरपालिकाका विभिन्न स्थानमा छाडा चौपायाको रुपमा रहेका गाईवस्तुहरु व्यवस्थापन तिब्र रुपमा अगाडी बढिरहेको, हाल वडा नं. ६ अन्तर्गत खुटेनीमा अन्दाजी ८०, वडा नं. ७ को खारखानी क्षेत्रमा अन्दाजी १००, वडा नं. ९ चौवा क्षेत्रमा अन्दाजी १५०, भलवाडमा ७०, रामदतिवनमा अन्दाजी ६० र वैजलपुर क्षेत्रमा करीव २५०, मधुवन क्षेत्रमा ४८ गरी करीव ८०० गाईहरु संकलन भईसकेको र मध्येकालिन तथा दिर्घकालिन रुपमा व्यवस्थापन नहुँदा सम्मको लागि तत्काल गाईवस्तुहरुलाई आहार, पानी, नुन लगाएतको सुविधा खर्चमा मितव्ययी हुने गरी पशुसेवा शाखाको प्रतिवेदनको आधारमा खर्च प्रमाणित गरी भुक्तानी दिने र गाईहरुलाई ट्याग्गिङ गरेको स्थानमा कार्यविधि बमोजिम सम्झौता गरी व्यवस्थापन कार्य अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७.१०.३** यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा गई व्यवसाय दर्ता, स्वास्थ्य, कृषि, पशु, जेष्ठ नागरीक लगायतले पाउने सुविधा सम्बन्धित वडामै गई प्रदान गर्न २०८० माघ पहिलो हप्तादेखि संयुक्त सिविर सञ्चालन गर्ने र सार्वजनिक सुनुवाई समेत माघको पहिलो हप्ताभित्र संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.१०.४** कृषि विकास शाखाले तयार गरेको एक वडा एक उत्पादन कार्यक्रमको स्थलगत अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.१०.५** नगरपालिका तथा वडा कार्यालयमा प्राप्त नागरिकका गुनासा तथा जिज्ञासालाई यथाशीघ्र सम्बोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.१०.६** अनुगमन समितिबाट प्राप्त योजना अनुगमन तथा योजना कार्यान्वयन सम्बन्धमा छलफल भई यथाशीघ्र योजना कार्यान्वयन गर्ने र स्थलगत अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७.१०.७** भवन तथा शहरी विकास शाखा अन्तर्गत पुरानो घर-जगाको अंशवण्डा गरी अभिलेखिकरण दर्ता भएको वा नभएको खण्डमा अभिलेख दर्ता गर्न चाहेमा वा अभिलेख परिणत गर्न चाहेमा वण्डा भएपश्चात जगाको लालपुर्जामा पर्ने क्षेत्रफल र नापीनक्साले चर्चिने सिमानामा पर्ने भवनको क्षेत्रफल देखिने गरि र बाँकी रहेको भवन ह्याच गरी अभिलेख राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

CamScanner